समय दैनिक

# आगामी जूनसम्ममा छुजाचेन जलविद्युत परियोजना तयार हुने

# सितम्बरदेखि सरकारलाई राजस्व बुझाइने

**युवराज दाहाल**

**गान्तोक, ९ मार्च।** आगामी जून महिनामा आफ्नो जलविद्युत परियोजनाको समाप्तिसितै गति इन्फ्रास्ट्रक्चर सम्पूर्ण पूर्वोत्तर क्षेत्रमै जलविद्युत परियोजनाको कार्यलाई अन्तिम रूप दिने पहिलो निजी ऊर्जा विकास कम्पनी बन्नेछ। कूल ९९ मेघावाट विद्युत क्षमता भएको गति इन्फ्रास्ट्रक्चरद्वारा विकसित छुजाचेन जलविद्युत परियोजनाले आगामी जून महिनामा यस परियोजनालाई अन्तिम रूप दिने बताएको छ। ऊर्जा उत्पादनसितै आउने सितम्बरदेखि यस कम्पनीले राज्य सरकारलाई सम्झौतानुरूप १४ प्रतिशत उत्पादनको अंश. दिइनेछ। यो प्रतिशत वार्षिक रूपमा ३० करोड बराबरको राजस्व हुनेछ भने ३५ वर्षपछि परियोजना राज्य सरकारलाई हस्तान्तरण गरिनेछ। रम्फू र रंगेली दुइ नदीको जललाई प्रयोग गरेर यो परियोजनालाई विकसित गरिएको छ भने यसमा कम्पनीले दावीं गरेअनुसार राज्य सरकारको नीति मुताबिक ठूलो सङ्ख्यामा स्थानीय मानिसहरूलाई रोजगारी प्रदान गरिएको छ।

गति इन्फ्रास्ट्रक्चरका परियोजना प्रमुख आरके श्रीवास्तवले जानकारी दिएअनुसार कम्पनीमा कार्यरत २३५ कर्मचारीमध्ये १३५ जना स्थानीय रहेका छन्। यसमा जनअभियन्ता (सिविल इञ्जीनियर), यान्त्रिकी (मेकानिकल) इञ्जीनियरदेखि लिएर कम्पनीको प्रशासनअन्तर्गत मानव संसाधन विभागमा, स्टोरदेखि लिएर ड्राइभर र भान्सेसम्म स्थानीय रहेका छन्। यसबाहेक कम्पनीद्वारा सञ्चालित स्कूलहरूमा स्थानीय शिक्षित महिलाहरूलाई शिक्षिका र कम्पनीको सामाजिक उत्तंरदायित्व योजनाअन्तर्गत सञ्चालित हस्तशिल्प केन्द्रमा प्रशिक्षिका आदि स्थानीय नै रहेको उनले बताएका छन्। परियोजना प्रमुख श्रीवास्तवले दाबी गरेअनुसार स्थानीय मानिसलाई कम्पनीमा उनीहरूको शिक्षानुरूप र गच्छेअनुसारको नोकरीमा पहिलो प्राथमिकता दिइएको छ। गति इन्फ्रास्ट्रक्चरले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विभिन्न सामाजिक कार्यहरू गरिरहेको छ। यसमा उत्तरदायित्व क्षेत्रमा ४३ वटा स्वयंसहायता समूहमा सक्रिय योगदान प्रदान गरिएको छ भने यसमा लगभग ७ हजार मानिसहरू प्रत्यक्ष रूपमा सङ्लग्न रहेका छन्। कम्पनीले विद्युत उत्पादन सँगसँगै यहाँका सर्वसाधारणलाई जीविकोपार्जन कार्यक्रममा रहल पृष्ठ ७-मा

## आगामी जूनसम्ममा छुजाचेन...

सङ्लग्न गरेर लामो समयका लागि क्षमता विकास प्रशिक्षणसमेत प्रदान गर्दैआइरहेको छ। यसमा बाँस र बेतबाट विभिन्न हस्तशिल्प निर्माण प्रशिक्षण, बेकरी, मौरी पालन, च्याउ खेतीलगायत अन्य विकासमूलक गतिविधिमा स्थानीयलाई प्रशिक्षणसमेत प्रदान गर्दै ाएको कम्पनीले बताएको छ।

प्रौढ शिक्षा, ग्रामीण शिक्षा केन्द्रको स्थापना स्वयं सहायत समूहको क्षमता विकास कार्यक्रमहरू कम्पनीद्वारा गरिएका उल्लेखनीय सेवा कार्य रहेका छन्। आफ्नो परियोजना क्षेत्रमा स्कूलको सञ्चालन, अस्पताल आदिको सुविधासहित स्थानीय अल्पशिक्षित महिलालाई गरिखान सक्ने बनाउन राज्य सरकारको योजना र नीतिलाई शिरोपर गरेर कम्पनीले कार्य गर्दैआएको बताएको छ। कूल १२३ ऐकरमा विस्तारित यस परियोजनाको समाप्तिसम्ममा कूल ९ सय करोड रुपियाँको निवेश हुने श्रीवास्तवले जानकारी दिए। यद्यपि, पहाडी क्षेत्र भएको हुनाले बर्खायाममा हुने भीषण पैह्रो र भल-बाढीका कारण यसमा केही बढोत्तरी हुनसक्ने परियोजना प्रमुखले बताएका छन्। उनले बताएअनुसार परियोजना ९० प्रतिशत पूर्ण भइसकेको छ भने कम्पनीले केन्द्र सरकार र राज्य सरकारद्वारा निर्देशित गरिएका विभिन्न नीतिलाई सही रूपमा कम्पनीले पालना गर्दै आएको छ। कम्पनीमा कार्यरत स्थानीय कर्मचारीले एकदमै उचित कार्य गरिरहेको र उनीहरू कम्पनीप्रति समर्पित रहेकाले कम्पनीको कृर्तपक्ष स्थानीय कामदारदेखि एकदमै खुशी रहेको बताइएको छ। कम्पनीले स्थानीय कर्मचारीलाई विभिन्न सहुलियत र सुविधा दिइरहेको बताए।